लिखु तामाकोशीगाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

**धोबीबजार, रामेछाप**

बागमती प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०८/१७**

प्रस्तुत विषयमा यस लिखु तामाकोशी गाउँपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम सञ्चालन गर्नको लागि तपसिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले ७ दिन भित्रमा लिखु तामाकोशी गाउँपालिकाको कार्यालयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**माग गरिएको पदः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | करार अवधि | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १४/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | पाँचौ | २०७८ आषाढ मसान्तसम्म | १ (एक) | **पाँचौ तहका लागि कुनै निवेदन प्राप्त नभएको खण्डमा दुवै चौथो तहको सहजकर्ता समेत राख्न सकिनेछ ।** |
| २ | १५/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | चौथो | | १ (एक) | |

**१.आवश्यक योग्यता :**

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT)बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT)बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २/३ उत्तिर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (TSLC )बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षण उत्तिर्ण गरेको ।

२. **उमेर** : दरखास्त दिने अन्तिम मितिसम्ममा कम्तिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

३. **दरखास्त दिने स्थान** : लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछाप ।

४. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/२३

५. **आवेदन दस्तुर** : रु.५००।- (अक्षरुपी पाँच सय मात्र) यस लिखु तामाकोशीगाउँपालिकाको नेपाल इन्भेस्टमेन्ट बैंक, लिखु तामाकोशी शाखा, धोबीबजार, रामेछापमा रहेको आन्तरिक राजस्व खाता नं. ०७००१४००२५००१६ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

६. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा अन्तरवार्ता ।

७. **आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु** : आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपिहरु

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
- कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि तथा अन्य आवश्यक कागजातहरुको प्रतिलिपि र
- दुई प्रति पासपोर्ट आकारको फोटो
- बायोडाटा

८. **सेवा सुविधा** : प्रचलित कानुन अनुसार सम्बन्धित तहको लागि तोकिए बमोजिम ।

९. **प्राथामिकता** : श्रम सूचना बैंकमा सूचिकृत भएका, स्थानीय तथा सम्बन्धित कामको अनुभव भएका महिला, दलित, जनजातिलाई प्राथमिकता दिइने छ ।

१०. सूचनामा उल्लेख भएको विषयहरु बाहेक अन्य विषयहरुको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा अधिकार निहित रहनेछ । साथै अन्य केहि कुरा बुझ्न परेमा तथा दरखास्त दिएका उम्मेदवारहरुले दरखास्त दिए पश्चात् निरन्तर सम्पर्कमा रहन कार्यालय समयभित्र ९८६०९८२३२६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**